नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
पर्सा राष्ट्रिय निकुञ्ज कार्यालय
आधाभार

**पर्सा राष्ट्रिय निकुञ्ज कार्यालयबाट जारी गरिएको प्रेस विज्ञप्ती:**

मिति २०७९/९/४ गते यस निकुञ्जको जमुनिया खोला क्षेत्रमा अवैध रुपमा निकुञ्ज प्रवेश गरी वन्यजन्तुको शिकार गरेको मुद्दाको सम्बन्धमा मौकामा पक्राउ परेका प्रतिवादीहरु झापस दास थारु, नवराज बस्नेत, दामोदर अधिकारी, म्लाङदोङ तामाङ, विशाल सहनी र अनुसन्धानको क्रममा पक्राउ सुलन मिया अंसारी, भोला बहादुर पुन मगर समेतलाई थुनामा राखी तहकिकात भएको । बाकि प्रतिबादिहरु प्रमोद कुमार जयसवाल, प्रदिप कुमार जयसवाल, श्याम बहादुर खड्का, प्रकाश के.सी., संजीव शाही समेतलाई तारेखमा अनुसन्धान तथा तहकिकात भएको । वारदात स्थलबाट बरामद भएका दशी, निजहरुको बयान, घटना विवरण कागज, नेपाल प्रहरी, केन्द्रीय अनुसन्धान व्युरोबाट प्राप्त अनुसन्धान प्रतिवेदन, विधि विज्ञान प्रयोगशाला, खुमलटार ललितपुरबाट प्राप्त प्रतिवेदन समेतको आधारमा जिल्ला सरकारी बकिल कार्यालय विरगञ्ज, पर्साबाट जम्मा ४९ जना व्यक्तिहरुलाई प्रतिवादी कायम गरी मिति २०७९/१०/१६ मा राय निकासा प्राप्त भई मिति २०७९/१०/१७ मा सोही बमोजिम यस कार्यालयमा मुद्दा दायर भएको ।

१) पक्राउ परेका प्रतिवादी झापस दास थारु, नवराज बस्नेत, विशाल सहनी, दामोदर अधिकारी, म्लाङडोङ तामाङ, प्रकाश के.सी. सुलन मिया अंसारी, भोला बहादुर पुन मगर समेत ८ जनाको हकमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६ (३) बमोजिम सजाय हुन निर्णय भएको ।

२) प्रतिवादी प्रमोद कुमार जयसवाल, प्रदिप कुमार जयसवाल, श्याम बहादुर खड्का र संजिव शाही सहित ४ जनाको हकमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २७ बमोजिम सजाय हुन निर्णय भएको । फरार प्रतिवादीहरु कुमार लामा, बिकास सहनी र उपेन्द्र यादवको हकमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६ (३) बमोजिम सजाय हुन निर्णय भएको । बाकि रहेका ३४ जना फरार प्रतिबादिहरुको हकमा पहिचान खुली पक्राउ परि आएको बखतमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बमोजिम सजाय हुने निर्णय भएको ।

३) घटनास्थलबाट बरामद भएका २ थान गाडी (Land Cruiser थान १, बोलेरो थान १), दुइ थान iPhone सहित ६ थान मोबाइल नगद नेपाली रुपैया २,९३,६३० ।- र भारतीय रुपैया १,२०० ।-, बन्दुक लगायत अन्य बन्दोबस्तीका सामाग्रीहरु राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २८ बमोजिम जफतको लागी निर्णय भएको ।

४) प्रतिवादीहरु मध्ये श्याम बहादुर खड्काको हकमा आफ्नो नाममा दर्ता भएको हतियार अन्य व्यक्तिलाई प्रयोग गर्न दिई वन्यजन्तुको शिकार गरेको देखिएको हुँदा निजलाई हातहतियार खरखजाना ऐन, २०१९ बमोजिम थप कारवाहीका लागि जिल्ला प्रहरी कार्यालय, पर्सा लेखी पठाइसकेको ।

५) प्रतिवादीहरुले स्वदेश र विदेशको विभिन्न स्थानमा समूह बनाई आधुनिक हतियार समेतको प्रयोग गरि संरक्षित वन्यजन्तुको समेत शिकार गरी तिनका आखेटोपहारहरु अन्तर्राष्ट्रियरुपमा ओसारपसार गर्ने गरेको दशी प्रमाणको आधारमा संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ र सङ्गठित अपराध निवारण ऐन, २०७० बमोजिम थप अनुसन्धान हुनको लागि निर्णय भएको ।

२०७९/१०/२०

CS CamScanner

६। प्रतिवादीहरु मध्ये केही व्यक्तिहरुको अस्वभाविकरुपमा वित्तीय कारोबार भएको समेत खुल्न आएको हुँदा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ बमोजिम थप अनुसन्धान हुनको लागि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा लेखी पठाइएको ।

अन्त्यमा, वन्यजन्तुको अवैध शिकारमा संलग्न भएका व्यक्तिहरुलाई कानूनी दायरामा ल्याउनको लागि घट्नाको शुरुका दिनदेखि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहभागी भई सहयोग पुऱ्याउनु हुने नेपाल सरकारका कानून कार्यान्वयन गर्ने निकायहरु, सुरक्षा निकायहरु, स्थानीय समुदाय, संचार माध्यम, नागरिक समाज, राजनैतिक दल तथा जैविक विविधता संरक्षणमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका संघ संस्था लगायत सम्पूर्ण संरक्षणप्रेमीहरुप्रति पर्सा राष्ट्रिय निकुञ्ज कार्यालय सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछ । साथै, आगामी दिनमा समेत यस्तै सहयोग र सहकार्यको अपेक्षा सहित वन्यजन्तुको संरक्षण गरी भावी पुस्ताको उज्जवल भविष्य निर्माणमा सहयोग पुऱ्याउन आम समुदायलाई हार्दिक अपिल गर्दछौं।

२०७९/१०/२०

(सूर्य खड्का)
सूचना अधिकारी
२० माघ, २०७९, शुक्रबार